फोन: ०२७४१२२२२
वेबसाइट: maimun.gov.np
इमेल: mainagarpalika@gmail.com
फेसबुक पेज: fb.com/maimun2

# माई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## सितली, इलाम

कोशी प्रदेश, नेपाल

पत्र संख्या : २०८०/०८१
च. नं.: 608

मिति : २०८०/११/०३

माई नगरपालिका नगर कार्यपालिकाको कार्यालय शितली, इलाम कोशी प्रदेश, नेपाल

**बिषय: छुट जग्गा दर्ता सम्बन्धमा।**

श्री वडा कार्यालयहरु सबै (१-१०),
श्री सरोकारवालाहरु सबै,
माई नगरपालिका, इलाम।

प्रस्तुत बिषयमा मालपोत कार्यालय, इलामको च.नं. २८३७, मिति २०८०/११/०१ गतेको पत्र बमोजिम मालपोत ऐन २०३४ को दफा ७ को उपदफा (२) को प्रयोजनको लागि नापजाँच ऐन २०१९ बमोजिम नापनक्सा भएको जग्गा तर दर्ता गर्न छुट भएकोमा त्यस्ता जग्गा दर्ता गर्न चाहने दर्तावालाले सम्बन्धित मालपोत कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ। साथै **छुट जग्गा दर्ता सम्बन्धी मालपोत कार्यालय इलामको सूचना** यसैपत्र साथ संलग्न राखिएको छ।

2080/11/03

(लक्ष्मण भुर्तेल)
प्रशासकीय अधिकृत

लक्ष्मण भुर्तेल
प्रशासकीय अधिकृत

नेपाल सरकार
भूमि व्यवस्था,सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय, इलाम

फोन नः–०२७-५२३०२१
इमेलः–**ilam@dolma.gov.np**

प.सं. ०८०/०८१
च.नं.

मिति २०८०।११।०१

## छुट जग्गा दर्ता सम्बन्धी मालपोत कार्यालय इलामको सुचना ।

उपरोक्त विषयमा नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०८०।१०।०३ को निर्णयानुसार मालपोत ऐन २०३४ को दफा (७) को उपदफा (२) को प्रयोजनार्थ रैकर र गुठी जग्गा अन्तर्गतको छुट जग्गा दर्ता सम्बन्धमा मालपोत नियमावली २०३६ को नियम (४) को उपनियम १ को प्रयोजनको लागि नाँप जाँच ऐन, २०१९ वमोजिम नाप नक्सा भएको जग्गा तर दर्ता गर्नसम्म छुट भएकोमा त्यस्ता जग्गा दर्ता गर्न चाहने जग्गावालाले सम्बन्धित मालपोत कार्यालयमा निबेदन दिन भनि २ बर्ष सम्म समयावधि तोकी नेपाल सरकारले नेपाल राजपत्र भाग ५ खण्ड ७२ संख्या ५० मिति २०८० माघ ११ गते सूचना प्रकाशन गरेको हुँदा छुट जग्गा दर्ता गर्न चाहने सम्बन्धित जग्गावालाले तपशिल वमोजिमका आवश्यक कागजात संलग्न राखी तोकिएको समयभित्र निवेदन पेश गर्नका लागी सम्वन्धित सरोकारवालाहरुमा जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

- क्षेत्रिय किताब (फिल्डवुक) ।
- नक्सा ।
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
- रैकर तर्फको लगतको फोटोकपी ।
- सम्बन्धित स्थानीय तहको जोतभोगको किटानी सिफारिस ।
- २ नं. रसिद, १ नं. अनुसुची, ७ नं. फाँटवारी ।
- नामसारी सहित दर्ता हुने भएमा साविक रैकर लगत मौजा, रैती नं.(सि.नं.), मृत्यु दर्ता, नाता प्रमाणित, नक्शा नं. खुल्ने भोगचलन तथा हकदार खुलेको किटानी सिफारिस ।
- अन्य आवश्यक प्रमाण खुल्ने कागजातहरु ।

जसबहादुर राई
कार्यालय प्रमुख

श्री प्र.२।।१६० २।१२।०१

दर्ता नं. ८००/०८०/८१
दर्ता मिति ०८०/११/२
दर्ता गर्नेको सही

कार्यालयको इमेलः–**ilam@dolma.gov.np**

नेपाल सरकार
भूमि व्यवस्था,सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय, इलाम

फोन नः-०२७-५२३०२१
इमेलः-ilam@dolma.gov.np

प.सं. ०८०/०८१
च.नं. २८३६

मिति २०८०।११।०१

श्री इलाम नगरपालिका
नगरपालिकाको कार्यालय, इलाम ।
श्री माई नगरपालिका,
नगरपालिकाको कार्यालय, इलाम ।
श्री सुर्योदय नगरपालिका
नगरपालिकाको कार्यालय, फिक्कल ।
श्री देउमाई नगरपालिका
नगरपालिकाको कार्यालय, फिक्कल ।
श्री माईजोगमाई गाउँपालिका
गाउँपालिकाको कार्यालय, नयाँबजार ।
श्री माङ्सेबुङ्ग गाउँपालिका,
गाउँपालिकाको कार्यालय, इलाम ।
श्री फाकफोक गाउँपालिका,
गाउँपालिकाको कार्यालय, इलाम ।
श्री रोङ्ग गाउँपालिका,
गाउँपालिकाको कार्यालय, इलाम ।
श्री सन्दकपुर गाउँपालिका,
गाउँपालिकाको कार्यालय, इलाम ।
श्री चुलाचुली गाउँपालिका,
गाउँपालिकाको कार्यालय, इलाम ।

**विषयः छुट जग्गा दर्ता सम्बन्धी सूचना पठाईएको सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस कार्यालयको मिति २०८०।११।०१ को छुट जग्गा दर्ता सम्बन्धि सूचना यसैसाथ संलग्न राखि पठाइएको ब्यहोरा अनुरोध छ ।

जसबहादुर राई
कार्यालय प्रमुख
कार्यालय प्रमुख